# महासचिव कृष्ण सारु मगरको प्रतिवेदन

## २०७९/१०/२०

नेपाल पत्रकार महासंघ बागमती  प्रदेश समितिको तेस्रो साधरणसभाका सभाध्यक्ष
तथा महासंघ बागमती प्रदेश समितिका शिव देवकोटा ज्यू
प्रमुख अतिथि,नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष बिपुल पोखरेल ज्यू,
अन्य अतिथि ज्यूहरु, जिल्ला अध्यक्ष ज्यूहरु,प्रदेश परिषद सदस्य ज्युहरु ।

उपस्थित सञ्चारकर्मी ज्यूहरु सबैमा मेरो ब्यक्तिगत र महासंघ बागमती प्रदेश समितिको तर्फबाट हार्दिक नमस्कार तथा अभिवादन । नेपाल पत्रकार महासंघको तेस्रो साधरणसभाको अवसरमा प्रदेश महासंघ स्थापनको चार वर्षको अवधिमा महासंघलाई यो अवस्थासम्म ल्याउन सहयोग गर्नुहुने सबैप्रति नमन गर्न चहान्छु । महासंघ केन्द्रीय समिति र जिल्ला समितिहरुप्रति आभार ब्यक्त गर्न चहान्छु ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा कमल चलाउँदै गर्दा, लोकतन्त्र र गणतन्त्रको स्थापनाका लागि प्राण उत्सर्ग गर्ने पत्रकार तथा सम्पूर्ण सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्दछु । घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

आफ्नो प्रदेशभित्र रहेका सञ्चारकर्मीको क्षमता अभिबृद्धि, उनीहरुको हक अधिकारको पक्षमा निरन्तर वकालतसँगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको लागि निरन्तर संघर्ष गर्नु र सञ्चारमाध्यमको प्रवर्धनमा सहयोग पुर्‍याउनु पत्रकार महासंघ बागमती प्रदेशको लक्ष्य, उदेश्य हो  । यही बाटोमा प्रदेश समिति निरन्तर अघि बढिरहेको निवेदन गर्दछु ।

**महासंघको सांगठनिक स्थिती :**

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिमा १२९० जना नेपाल पत्रकार महासंघका साधरण सदस्यहरु आबद्ध रहेका छन् । तीमध्ये ९८६ पुरुष र ३०४ महिला रहेका छन् । २०७९ सालको सदस्यता नविकरण गर्न बाँकी सदस्य संख्या नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको तथ्याङ्क अनुसार ११६५ रहेको छ ।

नेपाल पत्रकार महासंघको बिधानले नयाँ सदस्यता स्वीकृति र सदस्यता नविकरणको काम प्रदेश समितिहरु मार्फत गर्न सकिने अधिकार दिएपनि बागमती प्रदेश समिति मार्फत सदस्यता नविकरणको काम हुन सकेको छैन । जिल्ला शाखाहरु सिधै केन्द्रीय कार्यालयमा जाने र केन्द्रबाटै नविकरण गर्ने परिपाटी हालसम्म जारी छ । अबका दिनहरुमा सदस्यता नविकरण पनि प्रदेश समिति मार्फत गर्नहुन सबै जिल्ला शाखाहरुलाई आग्रह गर्दछु । २०७९ को सदस्यता नविकरणको लागि धादिङ शाखाले प्रदेश समितिमा सिफारिस पठाएको समेत जानकारी गराउँदछु ।

**सम्म सदस्यता नविकरणको अवस्था :**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | नं. | संख्या | | | ०७८ | ०७९ | ०८० | ०७८ | ०७९ | ०८० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काभ्रे | १८ | १२३ | १०६ | १७ | १२० | ० | ० | ३ | १२३ | १२३ |
| २ | सिन्धुपाल्चोक | १९ | ९८ | ८३ | १५ | ३ | २ | १ | ९५ | ९६ | ९७ |
| ३ | दोलखा | २० | १०९ | ८६ | २३ | ० | ० | ० | १०९ | १०९ | १०९ |
| ४ | रामेछाप | २१ | ७७ | ५३ | २४ | ५१ | ० | ० | २६ | ७७ | ७७ |
| ५ | सिन्धुली | २२ | ८१ | ६२ | १९ | ७ | ६ | २ | ७४ | ७५ | ७९ |
| ६ | मकवानपुर | २९ | १६३ | १२७ | ३६ | १४८ | ११४ | ० | १५ | ४९ | १६३ |
| ७ | चितवन | ३० | २७३ | २१२ | ६१ | २ | २ | २ | २७१ | २७१ | २७१ |
| ८ | धादिङ | ३१ | १५१ | १०३ | ४८ | २ | १ | १ | १४९ | १५० | १५० |
| ९ | नुवाकोट | ३२ | १७१ | १२० | ५१ | ० | ० | ० | १७१ | १७१ | १७१ |
| १० | रसुवा | ३३ | ४४ | ३४ | १० | १ | ० | ० | ४३ | ४४ | ४४ |
| | जम्मा | | १२९० | ९८६ | ३०४ | ३३४ | १२५ | ६ | ९५६ | ११६५ | १२८४ |

**बागमती प्रदेशमा सञ्चार माध्यम :**

सञ्चार रजिष्ट्रार कार्यालय बागमती प्रदेशको तथ्याङ्क अनुसार देभभर दर्ता भएका पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाईन सञ्चारमाध्यममध्ये बागमती प्रदेशमा मात्र ६६ प्रतिशत रहेको छ । अनलाईन ७२ प्रतिशत र पत्रिका ७० प्रतिशत बागमती प्रदेशमा दर्ता भएका छन् ।

सूचना तथा प्रशारण बिभागको तथ्याङ्क अनुसार बागमती प्रदेशको उपत्यका बाहेक दश जिल्लामा ५७२ पत्रपत्रिका दर्ता भएका छन् । तीमध्ये करिब १६ प्रतिशत पत्रिका मात्र नियमित प्रकाशित हुने गरेको प्रेस काउन्सिल नेपालले जनाएको छ । ती पत्रिकाहरुलाई नियमित गर्नु र नियमित भएका पत्रिकाहरुलाई बजारमा पर्याप्त तिबरण गर्नसक्नु अहिलेको चुनौती हो ।

**बागमती प्रदेशको दश जिल्लामा जिल्लामा एकसय ६६ वटा रेडियो रहेका छन् । (बान र एकोन्याबका अनुसार)**

बागमती प्रदेशको दश जिल्लामा १४ वटा टेलिभिजन सञ्चालनमा छन् । (स्रोत: केवल टेलिभिजन संघ)

देशभर दर्ता भएका २०६५ अनलाईमध्ये ७२ प्रतिशत अर्थात १४८३ अनलाईन बागमती प्रदेशमा दर्ता भएका छन् । तीमध्ये बागमती प्रदेशको दश जिल्लामा ७.५ प्रतिशत दर्ता भएका छन् । (स्रोत: प्रेस काउन्सिल नेपाल)

गोरखापत्रमा सिमित छापा पत्रकारिता, रेडियो नेपालले धानेको रेडियो पत्रकारिता र नेपाल टेलिभिजनले धानेको टेलिभिजन सञ्चारको दायरा धेरै फराकिलो भएको छ । मुलुकको संघीय राजधानी समेत रहेको यो प्रदेशलाई आमसञ्चारको पनि राजधानी मान्न सकिन्छ ।

संघीय राजधानी काठमाण्डौं रहेको प्रदेश भएपनि बागमती प्रदेशका सबै नागरिक मिडियाको पहुँचमा छैन । बागमती प्रदेशको १० जिल्लामा ३८ प्रतिशत परिवारको कम्तिमा एउटा मिडियामा पहुँच रहेको छ । (स्रोतःराष्ट्रिय जनगणना, २०६८) ।

**महासंको भौतिक पूर्वाधार :**

नेपाल पत्रकार महासंघको बिधान अनुसार स्थापना भएको प्रदेश समितिहरुमध्ये बागमती प्रदेश समितिको कार्यालय एउटा झोलाबाट सुरु भएको थियो । अहिले बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका ११ स्थित तत्कालिन जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालयको दुई कोठे भवनबाट कार्यालय सञ्चालन गरिरहेको छ । उक्त भवन परिसरसमै नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको सुविधासम्पन्न भवन निर्माणको लागि हेटौंडा उपमहानगरपालिकाले आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेशको नाममा आठ कठ्ठा जग्गाको भोगाधिकार दिएको छ । उक्त जमिना भवन निर्माणको लागि मन्त्रालय मार्फत डिपिआरको काम भएको छ । भवन निर्माणको लागि मन्त्रालय मार्फत बागमती प्रदेश सरकारले एक करोड रुपैयाँ बजेट बिनियोजन गरेको छ । भवन निर्माणको आवश्यक प्रक्रिया अघि बढाउन निरन्तर मन्त्रालयसँग समन्वय गरिरहेका छौं ।

**प्रदेश समितिले गरेको सहयोग :**

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले कोभीड संक्रमणका कारण गम्भीर बिरामी भएका धादिङका पत्रकार तथा नेपाल पत्रकार महासंघ धादिङका कार्य समिति सदस्य सुमन अधिकारीलाई २० हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ ।

**महिला पत्रकारलाई लेखनबृत्ति तथा तालिम**

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले सामाजिक विकास मन्त्रालय,बागमती प्रदेश समितिसँगको सहकार्यमा बागमती प्रदेशका ५२ जना महिला पत्रकारहरुलाई लेखनबृत्ति (फेलोसिप) प्रदान गरिएको छ । उक्त फेलोसिपले कोभीड संक्रमणको समयमा स्वास्थ्यसँग आर्थिक जोखिममा परेको महिला पत्रकारहरुलाई थोरै भएपनि राहत पुगेको थियो ।

आर्थिक वर्ष २०७७/७८ को लेखनबृत्तिको लागि कोभीड संक्रमण जोखिमका कारण भर्चुअल माध्यमबाट मिति २०७८ जेठ २० गते तामिल आयोजना गरी महिला पत्रकारहरुलाई लेखनबृत्तिमा सहभागि गराइएको थियो । आर्थिक वर्ष २०७८/७९ को लेखनबृत्ति तालिम प्रदेश राजधानी हेटौंडामा मिति २०७८ फागुन १६ गते आयोजना गरी महिला पत्रकारहरुलाई लेखनबृत्ति प्रदान गरिएको थियो । लेखनबृत्तिमा सहभागि महिला पत्रकारहरुले १८ हजार रुपैयाँका दरले पारिश्रमिक पाएका थिए ।

**आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा लेखनबृत्तिमा सहभागि भएका महिला पत्रकारहरु :**

| क्र.सं. | नाम | जिल्ला | क्र.सं. | नाम | जिल्ला |
|---|---|---|---|---|---|
| १ | पुष्पाकुमारी महरा | काठमाण्डौं | १ | बिनिता सिवाकोटी | काठमाण्डौं |
| २ | कमला आर्याल | काठमाण्डौं | २ | निशा वली | काठमाण्डौं |
| ३ | अनु आचार्य | रसुवा | ३ | मैया त्वानावासु ( मनिता) | भक्तपुर |
| ४ | सरस्वती न्यौपाने | रसुवा | ४ | मिना घोरसाइनी | भक्तपुर |
| ५ | अस्मिता पराजुली | चितवन | ५ | प्रमिला बानियाँ | ललितपुर |
| ६ | मोनिका विश्वकर्मा | चितवन | ६ | सरिता कार्की | ललितपुर |
| ७ | बिनिता सुवेदी | दोलखा | ७ | कविता स्याङ्बा | रसुवा |
| ८ | सिर्जना गोले | दोलखा | ८ | डोल्मा स्याङ्बा | रसुवा |
| ९ | ज्ञानु श्रेष्ठ | रामेछाप | ९ | सुशिला विक | धादिङ |
| १० | तुलसीदेवी श्रेष्ठ | रामेछाप | १० | गोमा थापा सगरमाथा | धादिङ |
| ११ | दुदु माया सिन्तान | मकवानपुर | ११ | निशा श्रेष्ठ | चितवन |
| १२ | मानवी बानियाँ | मकवानपुर | १२ | सान्ता अधिकारी | चितवन |
| १३ | केशरी पुन थापा | ललितपुर | १३ | राधिका बुढाथोकी | सिन्धुली |
| १४ | सरिता कार्की | ललितपुर | १४ | सन्ध्या देवकोटा | सिन्धुली |
| १५ | सरिता श्रेष्ठ | धादिङ | १५ | भावना रिजाल | मकवानपुर |
| १६ | निरमाया गुरुङ | धादिङ | १६ | कृष्णा विष्ट (सुनिता) | मकवानपुर |
| १७ | कमल सरला सुनुवार | सिन्धुली | १७ | शक्तिमाया तामाङ | नुवाकोट |
| १८ | उर्मिला खत्री भट्टराई | सिन्धुली | १८ | शर्मिला उप्रेती | नुवाकोट |
| १९ | गोमा खत्री | सिन्धुपाल्चोक | १९ | अनिता थापा मगर | रामेछाप |
| २० | दुर्गा आचार्य | सिन्धुपाल्चोक | २० | निरु थापा मगर | रामेछाप |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | लक्ष्मी गुरुङ | भक्तपुर | २१ | काजल तामाङ | काभ्रे |
| २२ | लिला श्रेष्ठ | भक्तपुर | २२ | ज्योती श्रेष्ठ | काभ्रे |
| २३ | सम्झना हुमागाई | काभ्रे | २३ | बुना घिमिरे | दोलखा |
| २४ | सम्झना गौतम | काभ्रे | २४ | पवना कार्की | दोलखा |
| २५ | उषा रेग्मी | नुवाकोट | २५ | सर्मिला ठकुरी | सिन्धुपाल्चोक |
| २६ | प्रितिका थापा | | २६ | चन्द्रकला खत्री | सिन्धुपाल्चोक |
| | | | २७ | रन्जिता डंगोल | मकवानपुर |

**पत्रकारहरुको भ्रमण कार्यक्रम :**
बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयसँगको सहकार्यमा बागमती प्रदेशको पर्यटन क्षेत्रको प्रचार प्रसार गर्ने उदेश्यले पत्रकारहरुको भ्रमण गराइएको थियो । नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको समन्वयमा २०७८ जेठ २७ देखि ३० गतेसम्म मकवानपुरबाट सिन्धुली हुँदै रामेछाप, दोलखा, सिन्धुपाल्चोक, भक्तपुर, काठमाण्डौं हुँदै नुवाकोटसम्म भ्रमण भएको थियो । भ्रमणमा बागमती प्रदेशका पाँच जिल्ला अध्यक्ष सहित २० जना पत्रकार सहभागि थिए ।

**कोभीडको समयमा गरेको गतिबिधि :**

हाम्रो कार्य समिति निर्वाचित हुँदै गर्दा देशमा कोभीडको उच्च जोखम रहेको थियो । यस सन्दर्भमा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको २०७८ वैशाख १८ गते अध्यक्ष भर्चुअल (जुम) बैठक बसी कोभिड १९ जोखिममा रहेका पत्रकारहरुलाई परको समस्या सम्बोधन र कोभिड १९ जोखिम न्युनिकरणको लागि पूर्व तयारी स्वरूप अध्यक्ष शिव देवकोटाको संयोजकत्वमा ११ सदस्यीय Rapid Response Team गठन गरिएको थियो । प्रदेश कमिटिको पहलमा कोभिड १९ बिरुद्धको खोप लगाउन बाँकी रहेका सञ्चारकर्मीहरुलाई खोप लगाउन प्रदेश स्वास्थ्य मन्त्रालय मार्फत प्रदेशको १० वटै जिल्ला स्वास्थ्य कार्यालयहरुमा समन्वय र पहल गरिएको थियो । साथै कोभीड संक्रमणमा परेका सञ्चारकर्मीहरुको उपचारको लागि सहजिकरण गरिएको थियो ।

## सदस्यता नविकरण र नयाँ सदस्यता :

नेपाल पत्रकार महासंघको पुस ८/९ गते सुर्खेतमा सम्पन्न केन्द्रीय साधरणसभाले सदस्यता शुद्धिकरमा जोड दिएको छ । यस सन्दर्भमा क्रियाशील पत्रकारहरुलाई मात्र पत्रकार महासंघको सदस्य बनाउनको लागि नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति प्रतिबद्ध छ । केन्द्र र प्रदेशको यो अभियानमा महत्वपूर्ण सहयोग जिल्ला शाखाहरुबाट प्राप्त हुने हामीले विश्वास लिएका छौं । त्यसका लागि महासंघको बिधानको अधिनमा रही सदस्यता

नविकरणको क्रममा शुद्धिकरण अभियान सञ्चालनको लागि विषेश आग्रह गर्दछौं । साथै नयाँ सदस्यताको प्रक्रिया पनि सँगै अघि बढाउन आग्रह गर्दछौं ।

**प्रेस कार्डको दुरुपयोग :**

पछिल्लो समय पत्रकार परिचय पत्रको दुरुपयोग बढेको छ । कतिय सञ्चारमाध्यमले गैह पत्रकारहरुलाई पत्रकार परिचय पत्र बितरण गर्दा त्यस्ता परिचय पत्र बोक्ने ब्यक्तिहरुको गतिबिधिले समेत पत्रकारिता क्षेत्रलाई असर गरिरहेको छ । गैह पत्रकारलाई पत्रकार परिचय पत्र बितरण गर्ने कार्यलाई रोक्न महासंघको प्रदेश र जिल्ला शाखाहरुले विषेश पहल अघि बढाउनुपर्ने देखिन्छ ।

**बागमती प्रदेशमा भएका प्रेस स्वतन्त्रता उलंघटनका घटना :**

२०७९ बैशाख २१ देखि  हालसम्म अभिलेखमा रहेको बागमति प्रदेशमा भएका प्रेस स्वतन्त्रता हननका घटनाहरु

| **घटना प्रकृति** | **संख्या** | **पीडित संख्या** |
|---|---|---|
| मृत्यु | | |
| वेपत्ता | | |
| पक्राउ | | |
| प्रसारण / प्रकाशनमा/संकलनमा अवरोध | ५ | ९ |
| दुर्व्यवहार/ धम्की | ६ | १५ |
| आक्रमण | ३ | ५ |
| पेशागत असुरक्षा | ९ | ९० |
| विस्थापन | १ | १ |
| नितिगत बन्देज | | |
| (दुर्व्यवहार) लैङिक हिंसा | १ | १ |
| **जम्मा** | **२५** | **१२१** |

*स्रोतः नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, प्रेस स्वतन्त्रता अनुगमन शाखा । २०७९ पुस २४ ।*

**प्रेस स्वतन्त्रता उलंघनाका घटनाहरु :**

**१) नेपाल पत्रकार महासंघ चितवन शाखाका सदस्य तथा कालिनक दैनिक अनलाइनका सम्पादक शिशिर सिंखडामाथि २०७९ भदौ १ गते समाचारको विषयलाई लिएर कुटपिट ।**

**कालिका नगरपालिकाका निवर्तमान मेयर र उनका पिएको विषयमा समाचार लेखेको भन्दै कुटपिट भएको ।**

**२)** नेपाल पत्रकार महासंघ चितवन शाखाका सदस्य कृष्ण आचार्यमाथि मिति २०७९ असार ३१ गते नेपाल विद्युत प्राधिकरण भरतपर वितरण केन्द्रका कर्मचारीहरुद्वारा आक्रमण ।
**३)** टेलिभिजनमा समाचार प्रसारण भएको विषयलाई लिएर नेपाल पत्रकार महासंघ धादिङ शाखाका सदस्य एवम् जनता टेलिभिजनमा कार्यरत पत्रकार शिखा श्रेष्ठ र अर्का पत्रकार धिरज बस्नेतलाई आफूलाई सामाजिक अभियन्ता बताउने ज्ञानेन्द्र शाहीले टेलिफोनबाट २०७९ असार ३ गते अपशब्द प्रयोग गर्दै धम्क्याएको ।
४) मिति २०७९ मंसिर १८ गते हेटौंडास्थित एक होटलमा नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका सदस्यहरु रामकुमार एलन र रमेश बन्जारामाथि समाचारको विषयमा बिवादन हुँदा भौतिक आक्रमण ।

## श्रमजिवी पत्रकार ऐन कार्यान्वयनको अवस्था :

लामो समयदेखि श्रमजिवी पत्रकार ऐन कार्यान्वयको मुद्धा महासंघले उठाउँदै र दवाब दिँदै आइरहेको छ । बागमती प्रदेशका १० जिल्लामा बसेर काम गर्ने अधिकांस सञ्चारकर्मीले नियुक्ति पत्र पाएको देखिँदैन । पाएकाहरुले पनि आंसिक र करार नियुक्ति पाएका छन् । विषेशगरी काठमाण्डौंबाट प्रकाशित/प्रशारित सञ्चारमाध्यमले जिल्लामा बसेर काम गर्ने सञ्चारकर्मीहरुलाई पारिश्रमिक र नियुक्तिपत्र नदिने समस्या छ । धेरै स्थानीय सञ्चारमाध्यमले पनि प्रेस प्रतिनिधि प्रमाणपत्र लिन र सरकारी निकायहरुले लोक कल्याणकारी बिज्ञान लिन सञ्चारमाध्यमको बिवरण पठाउने क्रमममा मात्र नियुक्ति पत्र पठाउने प्रचलन कायमै छ । महासंघले बिभिन्न समयमा श्रमजिवी पत्रकार ऐन कार्यान्वयनको अवस्थाबारे जिल्लाहरुमा बुझ्ने, त्यहाँस्थित सञ्चारमाध्यम र सञ्चारकर्मीहरुसँग औपचारिक अनौपचारिक अन्तरक्रिया तथा सञ्चरकर्मीहरुलाई परेको समस्या समाधानको लागि सहजिकरण गर्दै आएको छ ।
एउटै सञ्चारमाध्यममा काम गर्ने र ऐनले तोकेको रकम लिने प्रयास गर्नेहरु भन्दा न्युन पैसामा काम गर्ने तर धेरै मिडियामा काम गर्ने क्रम पनि बढेको छ । उपत्यका बाहेक १० जिल्लामा स्वरोजगार सञ्चारकर्मीहरुको संख्या उल्लेख्य रहेको छ । आफै श्रमजिवी आफै मालिक भएर काम गरिहेका सञ्चारकर्मीहरुको हकमा महासंघले साना लगानीका सञ्चारमाध्यम प्रवर्धनको लागि पनि सहजिकरण गर्दै आएका छौं ।
कोभिड कहरका कारण पछिल्लो साढे दुई वर्ष सञ्चारमाध्यम र सञ्चारकर्मीहरुको लागि सर्बाधिक कठिन समय बन्यो ।  बिज्ञापन बजार साँघुरो बन्दा कतिपय सञ्चारमाध्यम बन्द भएका छन् । धेरै सञ्चारमाध्यम समस्यामा छन् । ठूला सञ्चारमाध्यमहरुले समेत बेतलवी बिदामा बस्न दवाब दिने, कामबाट निष्काशन गर्ने र पारिश्रमिक नदिने काम भयो यस बीचमा भएको छ ।  पारिश्रमिक नपाएका गुनासाहरु आउँदा महासंघ जिल्ला शाखाहरुको समन्वयमा सम्बन्धित सञ्चारमाध्यमका सञ्चालकहरुसँग

छलफल गरी पारिश्रमिक दिलाउने काम भएको छ। ऐनको प्रभावकारी कार्यान्वयनको लागि तीनै तहको महासंघले सशक्त भूमिका निर्वाह गर्नु आवश्यक छ।

**सञ्चारमाध्यम र सञ्चारकर्मीलाई घेराबन्दी गर्दै ऐन कानून**

तीनै तहको सरकारले सकेसम्म सञ्चारमाध्यम र सञ्चारकर्मीहरुलाई अ आफ्नो ढंगले नियमन गर्ने प्रयास भइरहेको छ । त्यसको लागि नेपालको संविधान २०७२ ले परिकल्पना गरेको 'पूर्ण प्रेस स्वतन्त्रता' को मूलभुत भावना बिपरितका ऐन कानूनहरु निर्माण भएका छन्।

बागमती प्रदेश सरकारले ल्याएको प्रदेश सञ्चारमाध्यम व्यवस्थापन सम्बन्धि ऐन,२०७५ को कतिपय प्रावधानहरु सञ्चारमैत्री छैनन् । नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको पहलमा यसभित्र भएको कतिपय प्रेस बिरोधी प्रावधानहरु हटाइएको छ। तर अझै पनि सञ्चारमाध्यमको दर्ता खारेजी र पत्रकारलाई जेलसम्म हाल्न सक्ने प्रावधान हटाउन महासंघले रिनन्तर प्रदेश सरकालाई दवाब दिँदै आएको छ।

स्थानीय सरकारहरुले पनि आफुखुशी बनाउने गरेको ऐन कानूनमा प्रेस बिरोधी प्रावधानहरु राख्नसक्ने भएकाले जिल्ला शाखाहरु पनि यसबारेमा चनाखो हुन जरुरी छ । प्रदेश समितिले यस्ता विषयहरु जानकारीमा आउँदा जिल्ला शाखासँग समन्वय गरी प्रेस बिरोधी ऐन नियमहरु निर्माण गर्न रोक्न पहल गर्दै आएको छ । संघीय सरकारले निर्माण गरेको विद्युतीय कारोबार ऐन, २०६३, मुलुकी फौजदारी संहिता ऐन, २०७४, सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५, मिडिया काउन्सिल सम्बन्धि बिधेयकभित्र भएका प्रेस र अभिब्यक्ति स्वतन्त्रता बिरोधी प्रावधान हटाउन महासंघ केन्द्रीय समितिले दवाबमुलक अभियान सञ्चालन गर्दै आएको छ।

२०७४ साल भदौंबाट लागु भएको देवानी (संहिता) फौजदारी (संहिता) सम्बन्धी ऐनका विभिन्न दफाले पत्रकारितालाई साँघुरो घेरामा राख्ने प्रयास भएको छ। समाचार लेखेकै आधारमा पत्रकारलाई साइबर अपराध सम्बन्धी कसुरमा पक्राउ गरी कारबाही समेत गरिन थोको छ। यसले नेपाली पत्रकारितामा नयाँ चुनौती थपिएको छ।

**पत्रकारको दुर्घटना बीमा :**

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको पहलमा चालु आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेशका पत्रकारहरुको दुर्घटना बीमा हुने प्रक्रियमा रहेको छ । त्यसको लागि जिल्ला शाखाहरुमार्फत बिवरण संकलन गरी सञ्चार रजिष्ट्रार कार्यालय मार्फत आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाइएको छ । रजिष्ट्रार कार्यालयमा बागमतीसँगै, उपत्यका, प्रतिष्ठान र एशोसियट प्रदेशबाट गरी १६८४ जना पत्रकारको बिवरण संकलन भएर बीमाको प्रक्रिया अघि बढेको छ । यसको लागि प्रदेश सरकारले दश लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ।

**सञ्चार संगठनहरुलाई अनुदान**

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको पहलमा पहिलो पटक चालु आर्थिक वर्ष २०७९/८० मा नेपाल पत्रकार महासंघ बागमती प्रदेश सहित पत्रकार सम्बद्ध संगठनहरु प्रेस चौतारी, प्रेस युनियन, प्रेस सेन्टर, समाजवादी प्रेस संगठन र आदिवासी जनजाति पत्रकार महासंघ फोजिन बागमती प्रदेश समितिको लागि ६५ लाख रुपैयाँ बजेट बागमती प्रदेश सरकाले बिनियोजन गरेको छ। पत्रकार महासंघ

बागमती प्रदेश समितिले १५ लाख रुपैयाँ रकम प्राप्त गरिसकेको छ भने अन्य संगठनहरुले उक्त रकम लिने प्रक्रियामा रहेको छ । यो रकम पत्रकार महासंघ बागमती प्रदेश समिति सहित पत्रकार संगठनहरुलाई पत्रकारहरुको हित र प्रवर्धनमा काम गर्न बागमती प्रदेश सरकारले बिनियोजन गरेको हो ।

**प्रदेश सरकारसँगको सहकार्यमा हुने अन्य गतिबिधि :**

बागमती प्रदेश सरकारसँग सहकार्यमा चालु आर्थिक वर्षभित्र पत्रकारिता सम्बन्धि तालिमहरु सञ्चालन गर्ने, क्रियाशील सञ्चारकर्मीहरुलाई पुरस्कृति गर्ने, पत्रकारहरुको आत्मसुरक्षा तालिम सञ्चालन गर्ने र पर्यटन क्षेत्रको भ्रमण गर्ने चालु आर्थिक वर्षमा कार्यक्रम रहेको छ ।

**देशमै पहिलो प्रादेशिक सम्मेलन आयोजना**

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको प्रदेशिक सम्मेलन नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको आयोजना तथा भरतपुर महानगरपालिकाको कार्यालय, चितवन सहित बिभिन्न सहयोगी निकायहरुको सहयोगमा चितवनको सौराहास्थित होटल सेभेन स्टारमा २०७८ कात्तिक १३ र १४ गते सम्पन्न भयो । महासंघको विधान अनुसार प्रदेश समितिहरुमध्ये प्रादेशिक सम्मेलन गर्ने बागमती प्रदेश समिति पहिलो बनेको छ ।

यो भेलामा श्रमजीवी पत्रकारको समस्या,सञ्चारमाध्यमको बर्तमान अवस्था र समस्याहरुबारे छलफलसँगै पत्रकार महासंघको सदस्यता शुद्धिकरण,महासंघ प्रदेश समिति र जिल्ला शाखाहरुको कार्ययोजना लगायतका बारेमा छलफल भएको थियो । प्रदेशभरका १० जिल्ला शाखाका अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित अन्य सञ्चारकर्मीहरुको सहभागितामा वर्तमान अवस्थामा सञ्चार माध्यम र नेपाली पत्रकारिताको अवस्थाको बारेमा पनि वृहत अन्तरक्रिया भएको थियो । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डे, आन्तरिक मामिला तथा कानून मन्त्री कृष्ण प्रशाद शर्मा खनाल, देशभरका पत्रकारको छाता संगठन पत्रकार महासंघका केन्द्रीय अध्यक्ष बिपुल पोखरेल सहित पदाधिकारी, पत्रकारसँग सम्बन्धित संघ संगठनका प्रतिनिधि र स्थानीय तहका जनप्रतिनिधिको आतिथ्यता रहेको थियो ।

**तालिम तथा अन्य गतिबिधिको बिवरण :**

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको आयोजना तथा समन्वयमा भएको पत्रकारिता तालिमहरु :

| क.सं. | विषय | स्थान/मिति | कार्यक्रम |
|---|---|---|---|
| १ | सञ्चार तथा स्वास्थ्य रिपोर्टिङ तालिम | २०७९ भदौ | दश जिल्लाबाट २० जना पत्रकार सहभागि । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजना तथा बागमती प्रदेश समितिको समन्वयमा धुलिखेलमा कार्यक्रम भएको । |
| २ | सञ्चारमाध्यममा युवाका मुद्धा | मिति २०७८ जेठ | प्रदेश युवा परिषदको आयोजना तथा |

| | | | |
|---|---|---|---|
| | विषयक अनुशिक्षण कार्यक्रम | २५ र २६ गते | बागमती प्रदेश महासंघको संयोजनमा धुलिखेलमा भएको तालिममा प्रदेशभित्रका २२ जना पत्रकार सहभागि |
| ३ | पत्रकारिता तालिम | २०७८ साउन | तुलसादेवी हरिहर फाउण्डेसनको आयोजनामा पत्रकारिता तालिम । १४ जना पत्रकार सहभागि । |
| ४ | | | |

**सञ्चार रजिष्ट्रार कार्यालयसँगको सहकार्य र काम**

देशमै पहिलो सञ्चार रजिष्ट्रार कार्यालय बागमती प्रदेशमा रहेको छ । यो कार्यालयसँग सहकार्य गरेर पत्रकारिता क्षेत्रको हित र प्रवर्धनमा बागमती प्रदेश समितिले बिविध गतिबिधि गर्दै आएको छ । नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको समेत पहलमा बागमती प्रदेशसभाले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन सम्बन्धि ऐन, २०७५ निर्माण गर्दा सञ्चार रजिष्ट्रार कार्यालय स्थापना गर्न प्रदेश सरकार तयार भएको थियो । उक्त कार्यालय स्थापनासँगै रेडियो र अनलाईन दर्ता, प्रेस प्रतिनिधिपत्रको लागि संघीय सरकारका निकायहरु महिनौं धाउनुपर्ने बाध्यता हटेको छ । साथै पत्रकारहरुको क्षमता अभिबृद्धि र सञ्चार माध्यम प्रवर्धनको लागि पनि कामहरु भएका छन् । यो वर्ष पनि मोबाईल पत्रकारिता तालिम,रेडियो प्राविधिक तालिम,विज्ञापन बजारमा काम गर्ने सम्बन्धि तालिमहरु भएका छन् । ती तालिमहरु सञ्चालनको लागि बजेट ब्यवस्था,सहभागितहरु जुटाउनको लागि समन्वयको काम बागमती प्रदेश समितिले गरेको छ ।

साथै सञ्चार रजिष्ट्रार कार्यालयबाट प्रदान हुँदै आएको रेडियो,टिभी तथा अनलाईनहरुका लागि लोक कल्याणकारी बिज्ञापन बागमती प्रदेश समितिको पहलमा यो वर्ष केही अंकमा बृद्धि भएको छ । गत आर्थिक वर्षमा ................बजेट रहेकोमा यो वर्ष.................. पुर्‍याइएको छ ।

सञ्चार रजिष्ट्रारलाई दिइएको प्रशासनिक अधिकार कटौती गर्न प्रदेश सरकारले संसोधन विधेयक प्रदेशसभामा दर्ता गरी छलफल अघि बढाइका थियो । महांघ बागती प्रदेश समितिको पहलमा उक्त संसोधन कार्य रोकिएको थियो । रजिष्ट्रारले बजेट, योजना निर्माण कार्यान्वयन गर्न नपाउने र दैनिक प्रशासनिक काम गर्न नपाउने गरी अधिकार कटौती गर्ने र रजिष्ट्रारलाई अधिकार बिहिन बनाउने योजना बनाइएको थियो । यो कार्यले अन्ततः सञ्चार क्षेत्र नै कमजोर हुने बुझाईका साथ हामीले उक्त भूमिका निर्वाह गरेका हौं ।

**प्रदेश सरकारले सञ्चारमाध्यम सञ्चालन गर्ने बजेट रोक**

बागमती प्रदेश सरकारले आफै सञ्चारमाध्यम सञ्चालनको लागि आर्थिक वर्ष २०७८/७९ मा दश करोड रुपैयाँ बजेट बिनियोजन गरेको छ । उक्त कार्यको नेपाल पत्रकार महासंघ र सञ्चार सम्बद्ध संघ संस्थाले बिरोध गर्‍यो । सरकार आफैले नयाँ सञ्चारमाध्यम खोल्ने भन्दा भएका आम सञ्चारमाध्यमलाई सवल र सक्षम बनाउन प्रदेश सरकारले भूमिका खेल्नुपर्ने हाम्रो मागलाई सुनुवाई गर्दै उक्त बजेट प्रदेश सरकारले कार्यान्वयनमा ल्याएन । तर हाम्रो माग अनुसार उक्त बजेट सञ्चार क्षेत्रको हित र प्रवर्धनमा भने प्रदेश सरकारले खर्च गरेन ।

**पत्रकारिता क्षेत्रको चुनौती :**

पत्रकारिता जति सहज बन्दै गएको छ,उत्तिनै चुनौती पनि थपिँदै गएको छ । विश्वसनीयताको प्रश्नमा सञ्चार क्षेत्रबाट आम पाठक,स्रोता र दर्शकले चित्त बुझ्दो उत्तर पाउन सकिरहेको छैन । बागमती प्रदेश सञ्चारमाध्यम र सञ्चारकर्मीको तथ्याङ्क हेर्दा आमसञ्चारको पनि राजधानीको रुपमा हेर्न सकिन्छ ।
सामाजिक सञ्जालको बढ्दो उपयोगका कारण सञ्चार माध्यम प्रविधिमैत्री हनु जरुरी छ । किनभने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको एक तथ्याङ्क अनुसार देशभर फेसबुक प्रयोगकर्ता ९५ लाख बढिको संख्यमा छन् । उनीहरुमध्ये धेरैले सामाजिक सञ्जालमा आएका कुराहरुलाई सुचना र समाचारको रुपमा बुझ्ने गरेका छन् । तर कुनै ब्यक्तिगत बिचार,बुझाई र सुचनाहरु सबै समाचार हुँदैनन् । त्यसलै प्रविधिको उच्चतम प्रयोग गर्दै आम जनताको माझमा विश्वसनीय सूचना पस्कनु हाम्रो चुनौती हो ।

**नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको आगामी कार्य तथा रणनीतिहरु :**

१) नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको आफ्नै भवन निर्माणको लागि आवश्यक प्रक्रिया अघि बढाउन पहल गर्ने

२) सञ्चारकर्मीहरुको क्षमता विकासको लागि सञ्चार रजिष्ट्रार कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र अन्य निकायहरुसँग समन्वय गरेर विषयगत तालिमहरु सञ्चालन गर्ने

३) श्रमजिवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन गर्न महासंघ केन्द्र र जिल्ला शाखाहरुसँग समन्वय गरी काम गर्ने

४) स्वरोजगारमुलक साना मिडियाको प्रवधर्नको लागि अभियान सञ्चालन गर्ने

५) सञ्चार रजिष्ट्रार कार्यालय अन्तर्गत रहेको पत्रकार कल्याण कोषलाई सञ्चालन गर्न आवश्यक पहल गर्ने । उक्त कोषबाट दुर्घटना, बिरामी, जेष्ठ पत्रकार र समस्यामा परेका पत्रका सञ्चारकर्मीहरुलाई आर्थिक सहयोग गरिने

६) प्रदेशभित्रका उत्कृष्ट सञ्चारकर्मीहरुलाई बिधागत पुरस्कार र सम्मानको ब्यवस्था गर्ने ।

७) पत्रकारहरुको भ्रमणका कार्यक्रमहरु गर्ने

८) पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयको लागि जिल्ला शाखाहरुसँगको समन्वयमा अन्तरक्रिया कार्यक्रम गर्ने ।
९) सञ्चार रजिष्ट्रार कार्यालयसँगको सहकार्यमा जेष्ठ पत्रकारहरुको अनुभवन समेटिएको पुस्तक प्रकाशन गर्ने । प्रदेश पत्रकार महासंघको पहलमा सञ्चार रजिष्ट्रार कार्यालयमा चालु आबमा बजेट समेत बिनियोजन भएको छ ।

१०) प्रदेश सरकारले बितरण गर्दै आएको लोक कल्याणकारी बिज्ञापनको बजेट बढाउन पहल गर्ने ।

**पत्रकार महासंघको कार्य समितिको बैठक :**

| क्रं सं. | बैठक | मिति | स्थान |
|---|---|---|---|
| १ | पहिलो बैठक | २०७७/१२/३० | हेटौंडा ११ स्थित महासंघ कार्यलय |
| २ | पदाधिकारी बैठक | २०७८/३/२ | हेटौंडा ११ स्थित महासंघ कार्यलय |
| ३ | दोस्रो बैठक | २०७८/४/११ र १२ | नुवाकोटको बिदुर |
| ४ | तेस्रो बैठक | २०७८/१२/१ र २ | रामेछापको रामेछाप नगरपालिकामा |

बागमती प्रदेशको १० जिल्लामा सञ्चारकर्मी र सञ्चारमाध्यमको हित तथा प्रवर्धनमा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति आगामी दिनमा थप सशक्त भएर अघि बढ्नेछ । त्यसको लागि तपाईहरु सबैको साथ सहयोगको अपेक्षा गरेका छौं । यस कार्यमा मैले सकेको भूमिका खेल्दै आएको छु । नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको संस्थापक महासचिव र बर्तमान कार्य समितको महासचिवको काम गर्ने अवसर दिनुहुने सबै नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका सदस्यहरुप्रति आभार ब्यक्त गर्दछु । सदैव तपाईहरुको सकरात्मक सुझाव, स्वच्छ आलोचना, माया र सद्भावको अपेक्षा गरेको छु । धन्यवाद ।

नेपाल पत्रकार महासंघ जिन्दावाद ।

**नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति**

**२०७९/१०/२० दोलखा,जिरी**